**प्रदेश र स्थानीय तह बीच सूचना आदान प्रदानलाई प्रभावकारी बनाउन बारा र जिल्लाका स्थानीय तहहरुको सूचना प्रविधि अधिकृतहरुसँग एक दिने अन्तरकृया सम्पन्न ।**

स्थानीय तहहरू र प्रदेश सरकार विच सूचना तथा सञ्चार प्रविधि सम्बन्धी अनुभव र सिकाई आदान-प्रदान गर्ने तथा एकिकृत तथ्यांक संकलन प्रणाली सम्बन्धि छलफल गर्ने उद्धेश्यका साथ बारा र पर्सा जिल्लाका स्थानीय तहहरुका सूचना प्रविधि अधिकृत तथा योजना शाखा प्रमुखहरु सङ्ग पर्साको वीरगंजमा मिति २०८०/०७/२२ मा एक दिने अन्तरकृया सम्पन्न भएको छ ।

सो अन्तरकृया कार्यक्रमको अध्यक्षता प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम, मधेश प्रदेशका




प्रादेशिक कार्यक्रम निर्देशक तथा मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका प्रदेश सचिव श्री राम कृष्ण पुडासैनीज्युले गर्नु भएको थियो । बारागढी गाँउपालिकाका अध्यक्ष तथा प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम, मधेश प्रदेशका प्रादेशिक समन्वय समितिका सदस्य श्री अशोक कुमार जयसवालज्यूको प्रमुख आतिथ्यतामा सो कार्यक्रम शुभारम्भ भएको थियो । मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका वरिष्ठ उप-सचिव तथा प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम, मधेश प्रदेशका प्रादेशिक कार्यक्रम व्यवस्थापाक श्री रुपेश कुमार साहले कार्यक्रमको उद्धेश्य माथि प्रकाश पार्दे सबैजनालाई स्वागत गर्नु भएको थियो । सो कार्यक्रमको संचालन प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम, मधेश प्रदेशका शासन तथा कानून विज्ञ (टोली नेता) श्री पुनिता मण्डल द्वारा गरिएको थियो ।



उद्घाटन समारोह पछि प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमका प्रादेशिक कार्यक्रम निर्देशक तथा मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका प्रदेश सचिव श्री राम कृष्ण पुडासैनीज्युले **प्रदेश तथा स्थानीय सरकार बिच सहकार्यलाई सुदृढीकरण गर्न र तथ्यांकहरुलाई सजिलो तथा औपचारीक तरिकाले आदान-प्रदान गर्न सूचना प्रविधिको भूमिका** सम्बन्धि प्रस्तुतिकरण

गर्नु भयो । सचिवज्यूले संघीयताको मर्म तथा संबिधानले प्रदान गरेको अधिकार अनुरुप प्रदेश तथा स्थानीय तह विच सहकारीता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित एक-आपसमा सहयोग र समन्वयको आवश्यकता माथि जोड दिनु भयो । उहाँले एकिकृत अभिलेख शिफारिस समितिको बारेमा जानकरी दिदैं सो एकिकृत अभिलेख प्रणालीमा सुझाव दिन समेत सहभागीहरुलाई निर्देशन दिनु भयो ।



सचिवज्यूको प्रस्तुती पछि प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम, मधेश प्रदेशका सूचना प्रविधि तथा विद्युतीय शासन विज्ञ श्री कृष्ण कुमार शाह द्वारा नेपाल र मधेशमा सूचना प्रविधि, तथ्यांक संकलन तथा स्थानीय तहमा कार्यरत सूचना प्रविधि अधिकृतहरुको काम,कर्तब्य, पारिश्रमिक, सेवा तथा सुविधा बारेमा प्रस्तुतीकरण भएको थियो ।



उक्त कार्यक्रममा बारा र पर्साका स्थानीय तहमा कार्यरत सूचना प्रविधि अधिकृतहरुले आ-आफ्नो स्थानीय तहको सूचना प्रविधि सम्बन्धि प्रमुख कार्यहरू, पूर्वाधार, क्षमता विकासका कार्यक्रम, असल अभ्यासहरु, सामना गरेका चुनौतीहरू र समाधानका प्रयासहरु र भावी योजना तथा सोच (Vision) लाई समेटेर प्रस्तुतिकरण भएको थियो । उहाँहरुले सूचना प्रविधि सम्बन्धि नियमित कार्य गर्नुका साथ स्थानीय तहको काम-काज तथा सेवा प्रवाहहरुलाई सूचना प्रविधिको प्रयोग गरी प्रदान गरी रहेको जानकारी दिए । स्थानीय तहको अन्य कर्मचारी सरह काम गरे पनि सेवा सुबिधा सो सरह नपाएको गुनारो समेत गरेका थिए । सूचना प्रविधि अधिकृतहरुले उहाँहरुको नियुक्ति तथा नविकरण गर्ने बेला भोगेका कठिनाईहरु प्रस्तुतीकरण गरेका थिए तथा सोलाई सहजिकरण गर्न समेत अनुरोध गरेका थिए ।

स्थानीय तहहरुको प्रस्तुतीकरण पछि कार्यक्रम समन्वय इकाई, प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमका सूचना प्रविधि तथा विद्युतीय शासन विशेषज्ञ, श्री नागेश बडु द्वारा स्थानीय तहमा सूचना



प्रविधिको प्रयोग तथा महत्व माथि प्रकास पार्नु भइको थियो । उहाँले सूचना प्रविधि अधिकृतहरुले गरेका प्रस्तुतीकरणको प्रशंसा गर्दै उठेका प्रश्नहरुका जवाफ दिएका थिए । उहाँले स्थानीय तहमा सूचना प्रविधिमा धेरै अवसरहरु रहेको र सूचना प्रविधि अधिकृतहरुले सो अवसरलाई प्रयोय गरी आ-आफ्नो स्थानीय तहलाई नमूना बनाउन काम गर्न प्रोत्साहन गर्नु भयो ।



कार्यक्रमको समापन मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका वरिष्ठ उप-सचिव तथा प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम, मधेश प्रदेशका प्रादेशिक कार्यक्रम व्यवस्थापाक श्री रुपेश कुमार साहले गर्नु भएको थियो । उहाँले यस कार्यक्रममा गहन रुपमा छलफल भएको तथा यसले प्रदेश तथा स्थानीय तहहरु बिचको अन्तर-सम्बन्धलाई अझै बलियो बनाउने विचार राख्नु भयो ।

